# वैठक संख्याः ४३

आज मिति २०७७/०३/०३ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा जिल्लागत **Covid-19 Crisis Management Center (CCMC)** को बैठक वसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री मदन जंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण फूलबारी व्यारेक पोखरा | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| श्री भूमि पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| डा. अर्जुन आचार्य | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| डा. विनोद विन्दु शर्मा | निर्देशक | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री ~~बाबुराम आचार्य~~ शिव प्रसाद पौडेल | प्रमुख अधिकृत | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

<u>आमन्त्रित :</u>

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |

# बैठक संख्याः ४३

निर्णयहरु :

१. गृह मन्त्रालय विपद् अध्ययन, जोखिम न्यूनिकरण तथा पूनर्लाभ शाखाको च.नं २५६ मिति २०७७/०२/३२ को प्राप्त सहजीकरण गर्ने सम्बन्धी पत्र बैठकमा प्रस्तुत भई छलफल हुँदा पूनर्निर्माण कार्य गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनिकरणको लागि पालना गर्नुपर्ने मापदण्ड, २०७७ को कार्यान्वयनका लागि आवश्यक सहजिकरण गर्ने ।

२. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाण्डौको प.सं ०७६/७७/३६ मिति २०७७/०३/०१ को निर्णय कार्यान्वयन सम्बन्धी प्राप्त पत्र बैठकमा प्रस्तुत भई छलफल भयो । सो सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र निर्देशक समितिको मिति २०७७/०२/३१ गतेको दिन बसेको बैठकका निर्णयहरु जिल्लाको संक्रमितहरुको संख्या र भौतिक पूर्वाधारको उपलब्धताको विश्लेषण गरि क्रमशः कार्यान्वयन गर्दै लाने र निर्णय नं दुई कार्यान्वयन गर्न देहाय बमोजिम गर्ने :

   क. क्वारेन्टिन स्थलमा रहेका सुत्केरी गर्भवती तथा वालबालिका हरुलाई स्थानीय तहहरुको निगरानीमा निजहरुको घर वा अन्य उपयुक्त स्थानमा क्वारेन्टिनको मापदण्डमा तोकिएको अवधि सम्म रहने गरि नेपाल सरकारले तोकेको दरको दोब्बर सम्मको सुविधा पोषणयुक्त खाना बापत उपलब्ध गराउने ।

   ख. चौध दिन भन्दा वढि अवधि सम्म परीक्षण हुन नसकि क्वारेन्टिनमा रहेका व्यक्तिहरुलाई नेपाल सरकारबाट स्वीकृत दररेट अनुसार बाँकी अवधि सम्म खाना उपलब्ध गराउने ।

३. गण्डकी प्रदेश CCMC को मिति २०७७/०२/३२ को बैठकको निर्णय प्राप्त भई छलफल हुँदा प्राप्त निर्णयहरु कार्यान्वयन गर्ने र निर्णय नं (ख) र (घ) कार्यान्वयनका लागि देहाय अनुसार गर्ने :

   क. संक्रमणको जोखिममा रहेका व्यक्तिहरुलाइ १४ दिन भन्दा लामो समय क्वारेन्टिनमा राख्नुपर्ने भएमा १४ दिन भन्दा वढी वा थप अवधिको आर्थिक दायित्व गण्डकी प्रदेश सरकारले वहन गर्ने गरि आवश्यक समन्वय एवम् सहजीकरण गर्ने ।

   ख. क्वारेन्टिनमा रहेका व्यक्तिको स्वाव परिक्षणका लागि स्वाव संकलन गरेपछी सामुहिक क्वारेन्टिनबाट बाहिर निकालेर छुट्टै क्वारेन्टिनमा राख्ने व्यवस्था स्वास्थ्य कार्यालय, कास्की संग समन्वय गरि क्वारेन्टिन स्थल रहेको स्थानीय तहले मिलाउने ।

   ग. कास्की जिल्लामा निधन भएका कोरोना संक्रमितको शव व्यवस्थापनमा प्रथम पटक सहभागी देहायका ६ जनालाई उनीहरुले निर्वाह गरेको भूमिका र जिम्मेवारीको कदर गर्दै गण्डकी प्रदेश सरकारद्धारा प्रदान गरिने जनही ५ हजार पुरस्कारका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेशलाई सिफारिस गर्ने ।

      १. उप-सेनानी श्री दिपेश कुमार झा, भगवतीदल गण फुलबारी व्यारेक, पोखरा
      २. गुल्म प्रवन्धक हुद्दा श्री होम बहादुर थापा, भगवतीदल गण फुलबारी व्यारेक, पोखरा
      ३. सिपाही श्री मुकेश सुनार, भगवतीदल गण फुलबारी व्यारेक, पोखरा
      ४. एम्बुलेन्स चालक श्री अञ्जित मियाँ, (पाटन समाजबाट सञ्चालित एम्बुलेन्स)
      ५. एम्बुलेन्स चालक श्री कूल बहादुर गुरुङ्ग, (फिस्टेल हस्पिटल प्रा.लि द्धारा सञ्चालित एम्बुलेन्स)
      ६. एम्बुलेन्स चालक श्री कूल बहादुर गुरुङ्ग, (विन्दवासिनी मन्दिर व्यवस्थापन समिति द्धारा सञ्चालित एम्बुलेन्स)

४. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | ३४८ | ३८ | १२० | १५८ |
| २. | अन्नपूर्ण गाउँपालिका | ३६९ | १ | ४ | ५ |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | २ | ३ | ५ |
| ४. | मादी गाँउपालिका | १२० | ० | १९ | १९ |
| ५. | रुपा गाँउपालिका | ५० | ४ | ४४ | ४८ |
| | जम्मा | ९०० | ४५ | १९० | २३५ |

# वैठक संख्याः ४३

५. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को **Rapid Diagnostic Test** गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७/०३/०३ सम्म गरिएको **RDT** को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

जिल्ला कास्की ( **Rapid Diagnostic Test** : मिति २०७७/०३/०३ गते सम्मको विवरण)

| क्र.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०३।०३ | | | | २०७७।०३।०२ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | ० | ० | - | - | ९४३ | ९४३ | |
| २ | मादी गा.पा. | ० | ० | - | - | २१ | २१ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | १०२ | १०२ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | २० | २० | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | ३ | ३ | - | - | ६३० | ६३३ | |
| | जम्मा | ३ | ३ | - | - | १७२० | १७२३ | |

६. मिति २०७७/०३/०३ गते सम्म कास्की जिल्ला स्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेसन कक्षमा नौ जना पुरुष रहेका ।

७. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७०३/०३ सम्मको नमूना संकलन तथा सो को **Polymerase Chain Reaction (PCR Test)** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७/०३/०३ सम्म | १७८३ | १५६१ | ७ | २१६ | - |

८. कास्की जिल्लामा होटल क्वारेन्टिनका लागि तोकिएका होटलहरुमा ईच्छुक व्यक्तिहरुलाई पोखरा महानगरपालिकाका श्री भरतराज पौडेल, वडा प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्री यादब ढकाल र होटल एशोसियसन कास्कीका अध्यक्षले आवश्यक समन्वय र सहजीकरण गरि पेइड् क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने गरि जिम्मेवारी दिने निर्णय गरियो ।

९. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।